**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोन: ०१-४५२१८६१/६२/६३**

# कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/०८ गतेको नागरिक राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१२/२८ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय जितपुर, बाराबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
| --- | --- |
| **१. ऋणीको नामः बिकास यादव**<br>बाबुको नामः जगरनाथ राउत<br>बाजेको नामः सुभनारायण राउत<br>ठेगानाः प्रसौनीविर्ता-३, पर्सा<br>हालः जि. सिमरा-७, वारा<br>ना.प्र.नं.: ७०१२२०७२, जारी मितिः २०६२/०९/२६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., पर्सा<br>**कर्जा शिर्षक : गृह कर्जा तथा हायर पर्चोज कर्जा**<br>**कर्जा लिएको शाखा : जितपुर शाखा** | **क. नामः गणेश प्रसाद यादव**<br>बाबुको नामः जगरनाथ राउत<br>बाजेको नामः सुभनारायण राउत<br>ठेगानाः प्रसौनीविर्ता-३, पर्सा, हालः जि. सिमरा-७, वारा<br>ना.प्र.नं.: ३४१०६४/१९०, जारी मितिः २०६५/१२/१७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., पर्सा<br>**ख. नामः सविता देवी यादव**<br>बाबुको नामः रामज्ञा राउत अहिर<br>पतिको नामः बिकास यादव<br>ससुराको नामः जगरनाथ राउत<br>ठेगानाः वीरगंज-३२, पर्सा, हालः जि. सिमरा-७, वारा<br>ना.प्र.नं.: ३४-०१-७६-०३४४४, जारी मितिः २०७६/०३/०९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., पर्सा |

**सुरक्षणमा रहेको धितोको विवरण :**

१. श्री मालपोत कार्यालय, सिमरा, वारामा बिकास यादवको नाममा दर्ता कायम रहेको जिल्ला वारा, फत्तेपुर वडा न.३क स्थित कि.न. ४३४ को क्षेत्रफल १४८१.५१ व.मी. र जिल्ला वारा, भवानीपुर जितपुर वडा नं.३ स्थित कि.नं. ८४०९ क्षेत्रफल ८४.६५ व.मी. को घर/जग्गाहरु र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२) श्री सांग्रीला डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी बिकास यादव कायम रहेको निम्न अनुसारको सवारी साधन-१ थान

| | |
| --- | --- |
| सावारी साधन नं.: ना ८ ख ४८१७ | कम्पनीको नामः Ashok Leyland Company Limited |
| मोडेलः U-2518 Tipper | बनेको सालः 2019 |
| सि.सि/हर्ष पावरः 5759 | ईन्जिन नं.: JWHZ103541 |
| च्यासीस नं.: MB1HTLFC6JRWA2013 | सवारीको रगंः सेतो      सवारीको किसिमः भाडा |

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०८३-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।

३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०८३-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय जितपुर, बारा वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।

४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय जितपुर, बारामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।

७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।

९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।

१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।

११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।